श्री

# राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.४६८

पुनरावेदन नं.०७६-RB-०२३५

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७३/०७४)।**

महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. लिपनीमाल बारा (स्थायी लेखा नं. ३०३७६९३४५) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक वीरेन्द्र कुमार संघई.......................................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ }

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु निर्णय मिति : २०७६/०४/२४

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौं
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/१४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री विकास अग्रवाल
प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान उप-न्यायाधिवक्ता श्री तारा सिंह धामी

**अवलम्बित नजीरः-×**

ठूला करदाता कार्यालयबाट मिति २०७६।०४।२४ मा भएको अन्तिम कर निर्धारण आदेश उपर करदाताले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिन भित्र निर्णय नगरेको भनी विभागलाई सूचना दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क. बमोजिम प्रस्तुत पुनरावेदन यस न्यायाधिकरणमा पर्न आएकोमा विभागबाट मिति २०७७।०३।१४ मा निर्णय भई फाइल प्राप्त हुन आएको हुँदा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका भट्टमासको दानाबाट क्रुड आयल उत्पादन गरी विक्री वितरण गर्ने करदाता श्री महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि.को आर्थिक वर्ष २०७३/०७४ को लागि मूल्य अभिवृद्धि करतर्फको कर परीक्षण प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम मूल्य अभिवृद्धि कर रु.१,७४,३३०।— जरिवाना समेतको प्रारम्भिक कर निर्धारण आदेश गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०३/३१ मा भएको निर्णय पर्चा।

२. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०३/३१ मा जारी भएको आदेशको सूचना करदाता श्री महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. ले मिति २०७६/०४/०६ मा बुझीलिई सो को जवाफ मिति २०७६/०४/१५ मा पेश गरेको।

३. करदाताले तेल विक्री तथा भट्टमासको पिना विक्रीमा समानुपातिक करकट्टी नगरी यस आ.व. मा डिजेल खरिद, टेलिफोन खर्च, सेक्युरिटी गार्ड खर्च र विमा खर्च लगायतका खर्चहरु बापत रु.१४,८४,४६३।३८ को खरिद गरी रु.१,९२,९८०।- मू.अ. कर क्रेडिट दावी गरेकोमा उक्त क्रेडिट लिएको खर्चहरु करयोग्य तथा करछुट दुबै कारोबारमा प्रयोग हुने भएकोले डिजेल खरिद, टेलिफोन खर्च, सेक्युरिटी गार्ड खर्च र विमा खर्चहरुमा तिरेको मू.अ. कर, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(३) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(४) बमोजिम यस आ.व. को कूल विक्रीमा करयोग्य विक्रीको अनुपात २४।७२ प्रतिशतको आधारमा समानुपातिक हिसावले हुने रकम रु.४७,७०५।- मात्र कर कट्टी दावी गर्नुपर्नेमा करदाताले पुरै रकम रु.१,९२,९८०। क्रेडिट दावी गरेको हुँदा मिति २०७६।०३।३१ मा जारी प्रारम्भिक कर निर्धारण आदेशानुसार तिर्नुपर्ने मु.अ. कर रकम तथा सोमा लाग्ने जरिवाना समेत रु.१,७४,३३०।— दाखिला गर्ने गरी मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिमको कर निर्धारण आदेश

जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०४/२४ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०४।२४ मा भएको आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०५।१६ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. करदाताले आन्तरिक राजस्व विभागमा दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन उपर विभागबाट म्याद भित्र निर्णय नगरेको भनी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(५) बमोजिम यस न्यायाधिकरणमा मिति २०७७।०३।१० मा पुनरावेदन पत्र दर्ता गरेको। उक्त पुनरावेदन पत्रमा कम्पनीले व्यवसायिक प्रयोजनको निमित्त खरिद भएको डिजल, टेलिफोन, सेक्युरिटी गार्ड खर्च तथा विमा खर्च लगायतका खर्चमा भुक्तानी भएको कर रकम मध्ये शुल्क जरिवाना समेत रु. २,४७,००६।- माग भएको निर्णय त्रुटिपूर्ण छ। कम्पनीले उद्योगमा प्रयोग गर्ने तोरी दाना, भटमास दाना तथा सोया डिओसी ऐनको ५(३) सँग सम्बन्धित अनुसूची १ अन्तर्गत पर्ने कृषिजन्य उपजहरु कर छुट भित्र पर्छ। कम्पनीले उक्त कच्चा पदार्थहरु प्रयोग गरी प्रमुख काम भट्टमासको दानाबाट तेल उत्पादन गर्ने रहेको र उत्पादनको क्रममा सह-उत्पादन (**By-Product**) को रुपमा भट्टमासको पिना (**Soya bean DOC**) समेत उत्पादन हुने र तेल विक्री गर्दा मू.अ. कर असुल गरी दाखिला गरीसकेको अवस्थामा भट्टमासको पिना (**Soya bean DOC**) मा समेत पुनः समानुपातिक करकट्टी गर्नुपर्ने होइन। मु.अ.कर नियमावली, २०५३ को नियम ४०(३) र ऐ को ४०(४) वमोजिम कर लाग्ने वस्तु तथा सेवा विक्रीसँग खरिद वा आयात भएका वस्तुको प्रत्यक्ष स्थापित गर्न नसकेमा समानुपातिक कर लाग्ने व्यवस्था छ। भटमासको दानावाट उत्पादित तेल र पिनाको प्रत्यक्ष सम्वन्ध रहेको र पिनालाई आधारभूत कृषि उत्पादनको रुपमा वर्गीकरण गरी कर छुटको व्यवस्था समेत गरेको छ। यसै प्रकृतिको आ.व. २०६६।०६७ सँग सम्वन्धित कर निर्धारण आदेश उपर यस कम्पनीले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपूरलाई प्रत्यर्थी वनाई श्री राजश्व न्यायाधिकरण, काठमाण्डौमा दर्ता गरेको पुनरावेदनमा समानुपातिक कर कट्टी गर्नु नपर्ने भनी फैसला भइ अन्तिम अवस्थामा विपक्षी कार्यालयवाट जारी अन्तिम कर निर्धारण आदेश तथा सो सम्बन्धि निर्णय समेत बदर गरी आन्तरिक राजस्व विभागवाट भएको निर्णय समेत बदर गरी पाऊँ भन्ने समेत व्यहोराको जिकीर लिएको।

६. करदाताले यस आ.व. मा डिजल खरिद, टेलिफोन खर्च, सेक्युरिटी गार्ड खर्च तथा विमा खर्च लगायतका खर्चहरुमा तिरेको मू.अ.कर मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७(३) तथा मू.अ. कर नियमावली, २०५३ को नियम ४०(४) बमोजिम समानुपातिक हिसाबबाट मात्र करकट्टी दावी गर्नुपर्नेमा पुरै करकट्टी दावी गरेकोले यस आ.व. को कुल बिक्रीमा करयोग्य बिक्रीको अनुपातमा २४।७२ प्रतिशत रहेकोले सोही आधारमा समानुपातिक हिसावले हुने रकम रु.४७,७०५।— मात्र करकट्टी पाउनेमा करदाताले पुरै रकम रु.१,९२,९८०।- मू.अ. कर क्रेडिट दावी गरेकोले उक्त कर छुटको बिक्रीको अनुपात ७५।२७ प्रतिशतले हुने रकम रु. १,४५,२७५।- मू.अ. कर ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गरी सो ऐनको दफा २९(१क.) बमोजिम २० प्रतिशत जरिवाना रु.२९,०५५।- साथै ऐनको दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम ब्याज समेत गणना गरी कार्यालयले गरेको कर निर्धारण कानून नै देखिंदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१४ मा भएको निर्णय।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१०/०६ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विकास अग्रवालले कर छुटको वस्तुमा र सहउत्पादन पीना विक्रीमा समानुपातिक रुपमा मूल्य अभिवृद्धि कर लाग्ने भनी सम्बन्धमा सुरु ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश कानूनसम्मत नभएको हुँदा सो बदर गरी पाऊँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान उप-न्यायाधिवक्ता श्री तारासिंह धामीले करदाताको हकमा भएको अन्तिम कर निर्धारण आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. करदाताको पुनरावेदन जिकीर हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट अन्तिम कर निर्धारण आदेश गर्दा भट्टमासको तेल उत्पादन क्रममा सह-उत्पादन (**By-Product**) को रुपमा भट्टमासको पिना (**Soya bean DOC**) समेत पुनः समानुपातिक करकट्टी गर्ने गरी र कम्पनीले व्यवसायिक प्रयोजनको निमित्त खरिद भएको डिजल, टेलिफोन, सेक्युरिटी गार्ड खर्च तथा विमा खर्च लगायतका खर्चमा भुक्तानी भएको कर रकम मध्ये शुल्क जरिवाना हुने गरी लिएको आधार त्रुटीपूर्ण भएको हुँदा बदर हुनु पर्ने सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालय, ललितपुर समक्ष करदाताले भट्टमासको पिना (**Soya bean DOC**) को स्थानीय विक्री निर्यात गरी जम्मा कर छुटको विक्री रु.१,०८,४५,९२,३५८।- दावी गरेको देखिन्छ। सो सम्बन्धमा ठूला करदाता कार्यालयबाट करदाताको आ.व. २०७३।०७४ को अन्तिम कर निर्धारणको क्रममा करदाताको तेल विक्री तथा भट्टमासको पिना विक्रीमा समानुपातिक कर कट्टी नगरी करदाताले यस आ.व.मा करयोग्य र कर छुट दुवै तर्फ प्रयोग भएको डिजल, टेलिफोन, सेक्युरिटी गार्ड खर्च तथा विमा खर्च लगायतका खर्चहरुमा समानुपातिक हिसाबबाट मात्र कर कट्टी दावी गर्नुपर्नेमा पुरै रकम क्रेडिट दावी गरेको हुँदा बढी कर कट्टी दावी गरेको रु.१,४५,२७५।- लाई अमान्य गरी शुल्क र जरिवाना समेत निर्धारण गरेको देखिन्छ भने भट्टमासको पिना (**Soya bean DOC**) विक्री वापत करदाताको कर कट्टी दावीको सम्बन्धमा कर कार्यालयबाट स्वीकार वा इन्कार के गरेको हो स्पष्ट रुपमा खुलाएको देखिदैन। अतः भट्टमासको पिना (**Soya bean DOC**) विक्री वापत कर कट्टी लिनु पर्ने वा नपर्ने प्रश्नको सम्बन्धमा स्पष्ट गरेको नदेखिँदा शुरु कर कार्यालयको निर्णय मिलेको देखिएन। साथै सो सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१४ मा भएको निर्णयले समेत संबोधन गरेको पाइएन । त्यसैले अब पुनरावेदक करदाताको भट्टमासको पीना विक्री वापतको करकट्टी करदाताले पाउने नपाउने के हो ? आधार र कारण सहित पुनः निर्णय गर्नु भनी फाइल शुरु ठूला करदाता कार्यालयमा लेखी पठाई दिन मनासिव हुने देखियो।

११. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाइनरी प्रा. लि. (स्थायी लेखा नं. ३०३७६९३४५) को आ.व. २०७३।०७४ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयबाट मिति २०७६।४।२४ मा अन्तिम कर निर्धारण गर्दा भट्टमासको पिना विक्री वापत करदाताको कर कट्टी दावी स्वीकार वा इन्कार के गरेको हो भन्ने स्पष्ट खुलाएको नदेखिएको र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।१४ मा भएको निर्णयबाट समेत उक्त प्रश्न स्पष्ट भएको नदेखिँदा सो हद सम्म प्रत्यर्थी कार्यालयको निर्णय केही उल्टी भई बदर हुने ठहर्छ। अब भट्टमासको पीना विक्री वापतको करकट्टी करदाताले पाउने नपाउने के हो ? आधार र कारण सहित पुनः

निर्णय गर्नु भनी फाइल शुरु ठूला करदाता कार्यालयमा पठाइदिनू। अरुमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल खण्ड</u>

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाइनरी प्रा. लि. (स्थायी लेखा नं. ३०३७६९३४५) को आ.व. २०७३।०७४ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयबाट मिति २०७६।४।२४ मा अन्तिम कर निर्धारण गर्दा भट्टमासको पिना विक्री वापत करदाताको कर कट्टी दावी स्वीकार वा इन्कार के गरेको हो भन्ने स्पष्ट खुलाएको नदेखिएको आधारमा शुरु निर्णय केही उल्टी भई पुनः निर्णय गर्न फाइल ठूला करदाता कार्यालयमा पठाउने ठहरेकोले शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः पाल्साङ्ग लामा
तामेलदारः अशोक विश्वकर्मा
ईति सम्वत् २०८० साल असार ३ गते रोज १ शुभम् ---------------------------------

फैसला प्रमाणिकरण गर्नेः-

फैसला प्रमाणिकरण मितिः-　　　　राजस्व न्यायाधिकरण काठमाडौंको छाप